**Shabda Sadhana** **ISSN No: 2661-619X**
**शब्दसाधना वर्ष ७, अङ्क १ : ७२ -८१, कार्तिक २०८१, (November 2024)**

# चलचित्र, साहित्य र नेपाली सन्दर्भ

**अशोक थापा**
नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर
https://orcid.org/0009-0004-5743-742X
kazithapa@gmail.com

**लेखसार**

प्रस्तुत लेखमा चलचित्रको परिचय दिनाको साथै साहित्यका अन्य विधासँग चलचित्रको अन्तर्सम्बन्धलाई उल्लेख गरिएको छ । यहाँ नेपाली चलचित्रको सङ्क्षिप्त इतिहास उल्लेख गर्दै लेखलाई थप चुस्त बनाउन निगमन तथा तुलनात्मक शोधविधिको प्रयोग गरिएको छ । द्वितीयस्रोतबाट सामग्रीसङ्कलन गरिएको प्रस्तुत लेखमा पुस्तकालयकार्यलाई सामग्रीको पहिलो स्रोत मानिएको छ । यहाँ वर्तमान समयमा चलचित्र मानवजातिको मनोरञ्जनको अभिन्न अङ्गका रूपमा रहेकाले चलचित्रलाई छुट्टै विधाका रूपमा विकास हुँदैआएको निष्कर्ष निकालिएको छ । चलचित्रको प्राविधिक पक्षमा प्रवेश नगर्नु यस कार्यपत्रको सीमा हो भने सैद्धान्तिक भन्दा अवधारणामूलक बन्नु यसको अर्को सीमितता हो । प्रस्तुत कार्यपत्रमा चलचित्रको परिभाषा, विकासक्रमका विषयमा पनि प्रकाश पारिएको छ । यहाँ चलचित्रको सामाजिक, सांस्कृतिक र सैद्धान्तिक पक्षहरूको छोटो अध्ययन गरिएको छ । चलचित्रको मनोरञ्जनात्मक पक्षलाई प्राथमिकतामा राख्दै यसले समाजमा पार्ने प्रभाव र यसको विकासक्रमको विश्लेषण गरिएको छ । प्रस्तुत कार्यपत्रले चलचित्र साहित्यिक उपशाखा नभएर स्वतन्त्र विधा हो भन्ने मान्यतालाई स्थापित गरेको छ । प्रस्तुत लेखमा आजको समयमा चलचित्रलाई पृथक् पहिचान भएको विधाका रूपमा मान्यता प्राप्त भएको निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी:** क्यामेरा, छायाङ्कन, टेलिचलचित्र, वृत्तचित्र, श्रव्यदृश्य

## विषयपरिचय

वर्तमान समयमा 'चलचित्र' अध्ययन एक महत्वपूर्ण क्षेत्र हो । चलचित्र कलाको आधुनिक माध्यम हो जहाँ कलाका पुराना र नयाँ दुवैखाले विधालाई समाहित गरेर यो विधा एउटा बेग्लै अवतारका रूपमा उदाएको देखिन्छ । चलचित्र अभिव्यक्तिको श्रव्यदृश्य माध्यम हो, जसले श्रव्य भएकाले शाब्दिक र दृश्य भएकाले प्रदर्शनात्मक भाषालाई ग्रहण गरेको हुन्छ (ढुङ्गेल, २०६७, पृ. ६) । ऐतिहासिक तथ्यलाई हेर्दा 'जीवित तस्वीर'को रूपमा विकसित हुँदै सन् १८९५ डिसेम्बर २८ मा फ्रान्समा लुई लुमाएर र अगस्त्य लुमाएरले पेरिसको प्रसिद्ध होटल 'ग्रान्ड केफे' मा ध्वनिरहित लघुचलचित्रहरू प्रदर्शन गरेको ऐतिहासिक साक्ष भेटिन्छ । यसको ठीक आधा शताब्दीपछि नेपाली चलचित्र उद्योग आरम्भ भएको देखिन्छ (सायमी, २०७५, पृ. ८५) । चलचित्रको प्रभावकारिता र शक्तिकै कारण के भनिन्छ भने *हजार शब्दभन्दा एक चित्र शक्तिशाली हुन्छ* । यसरी सानो कोठाबाट आरम्भ भएको ध्वनिरहित चलचित्रबाट टुसाएको यो विधालाई आज दृश्यात्मक भाषायुक्त अभिव्यक्ति भएको विधा मान्न थालिएको छ । आजको समयमा चलचित्रलाई विभिन्न कलाहरूको संगमस्थलका रूपमा मानिन्छ । आज चलचित्र साहित्यको अन्य विधासँग टाँसिएको आश्रित क्षेत्र नभएर मौलिक पहिचान भएको बेग्लै विधा हो भन्न थालिएको छ ।

## अध्ययनविधि

'चलचित्र, साहित्य र नेपाली सन्दर्भ' सउद्देश्यमूलक तरिकाले चयन गरिएको शीर्षक हो । यस लेखमा चलचित्रको सङ्क्षिप्त सैद्धान्तिक परिचय दिने क्रममा गुणात्मक विधिको प्रयोग गरिएको छ । यस लेखमा प्रथम नेपाली चलचित्रदेखि वर्तमान समयका लोकप्रिय चलचित्रहरूको नमुना छनोट गरी त्यससम्बद्ध सामाग्रीको विश्लेषण गरिएको छ । नेपाली चलचित्रको इतिहासको मूल्याङ्कनका क्रममा ऐतिहासिक विधिलाई पनि अनुसरण गरिएको छ । यहाँ चलचित्रको सामाजिक उत्तरदायित्व र प्रभावकारिताका सन्दर्भमा गहन अवलोकन र सूक्ष्म विश्लेषण गरिएको छ । आगमन र निगमन विधि प्रयोग गरिएकाले यहाँ मिश्रित शोधविधिको अनुसरण गरिएको छ । यस अनुसन्धानको क्षेत्र प्रसारण भइसकेका नेपाली चलचित्रहरू भएकाले यसको जनसङ्ख्या नेपाली कथानक चलचित्र रहेको छ । तथ्यको विश्लेषण र सत्यापनका लागि चलचित्र क्षेत्रसँग सम्बद्ध विज्ञहरूसँग अन्तर्वार्ता र परामर्श पनि गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

शाब्दिक रूपबाट हेर्दा 'चलचित्र' समस्त शब्द हो । यो संस्कृतका 'चल' र 'चित्र' दुई शब्दको योगबाट बनेको देखिन्छ । नेपालीमा 'चल' शब्दको अर्थ चल्ने, काम्ने, हल्लिने, कम्पित हुने हुन्छ भने 'चित्र' शब्दको अर्थ तस्वीर, फोटो, छायाँ, चित्रपट, प्रतिमा, छवि आदि भन्ने हुन्छ । यी दुवै शब्दको संयुक्त रूप चाहिँ बिजुलीका सहायताले रजतपटमा देखाइने चल्ने-फिर्ने कथात्मक नाट्यचित्र, सिनेमा, टाकिज आदि हुन्छ (तिवारी, २०८०, पृ. ९) । अङ्ग्रेजी भाषामा चलचित्रका लागि मोसन-पिक्चर, फिचर फिल्म, मुभी तथा सिनेमाजस्ता शब्दहरू प्रयोगमा आएको पाइन्छ । यहाँ शाब्दिक रूपमै हेर्दा 'मोसन' भनेको गति र पिक्चर भनेको तस्वीर हो । यी दुवै शब्दलाई संयोजन गर्दा माथि भनिएझैँ चलचित्र 'गतिशील तस्वीर' भन्ने हुन्छ । चल्ने चित्र नै चलचित्र हो भन्ने आशय यस शब्दमा  लुकेको देखिन्छ ।  छुट्टै विधागत पहिचान स्थापित गर्न यस विधाले थुप्रै उपक्रम पार गर्नु परेको छ ।

रिक अल्टम्यानद्वारा लेखिएको *फिल्म/जन्रा* (सन् १९९९) नामक ग्रन्थ यस क्षेत्रको अध्ययनको लागि सैद्धान्तिक ढाँचा तयार गर्ने ग्रन्थ हो । यहाँ चलचित्र विधाको वर्गीकरण गरिएको छ । यस पुस्तकले चलचित्रसम्बन्धी परम्परागत दृष्टिकोणहरूलाई चुनौती दिएको छ । चलचित्रको सांस्कृतिक र औद्योगिक युगमा यसको प्रभावकारिताका विषयमा यहाँ गतिशील चिन्तन प्रस्तुत गरिएको छ । यहाँ लेखक के तर्क गर्छन् भने चलचित्र विधा लचिलो विधा हो जसलाई परिवर्तित समयसँगै निर्माता र कलाकारले फरकफरक ढाँचामा प्रयोग गर्छन् । आजको आधुनिक समयमा चलचित्र विधा केकसरी सञ्चारको बलियो माध्यम बनेको छ भन्ने चर्चा गरेका छन् (रिक अल्टम्यान, सन् १९९९, पृ. २६) । प्रस्तुत ग्रन्थ चलचित्र विश्लेषणको प्रभावकारी सैद्धान्तिक आधार बनेको छ ।

*'जन्रा एन्ड हलिउड'* नामक ग्रन्थमा स्टीव नेलले चलचित्र विधा र हलिउड उद्योगबीचको जटिल सम्बन्धको गहिरो विश्लेषण गरेका छन् । यस ग्रन्थमा उनले चलचित्र कसरी उत्पादन हुन्छ, यसका बजारी अभ्यास केकसरी हुन्छ र चलचित्रबाट दर्शकले के अपेक्षा गरेका हुन्छन् भन्ने चर्चा गरिएको छ । चलचित्र निर्माणका आर्थिक र सांस्कृतिक कारकका विषयमा पनि यस ग्रन्थमा चर्चा गरिएको छ । यस ग्रन्थमा हलिउडका विविध चलचित्रका दृष्टान्तलाई उल्लेख गरेर विभिन्न समयमा चलचित्रको मूल्याङ्कन गरिएको छ । यस ग्रन्थमा चलचित्र र साहित्यको अन्तर्सम्बन्ध र चलचित्रले मार्दै गरेको प्राविधिक फड्कोका विषयमा पनि चर्चा गरिएको छ । चलचित्र निर्माण र योसँग जोडिएको व्यवसायका विषयमा पनि प्रकाश पारिएको छ (नेल, सन् २०००, पृ. ४१) । यस ग्रन्थले चलचित्रको सैद्धान्तिक र ऐतिहासिक अध्ययनका लागि आधार प्रस्तुत गरेको छ ।

पाम कुकद्वारा *'स्क्रिनिङ द पास्टः मेमोरी र नोस्टाल्जिया इन सिनेमा'* ग्रन्थमा चलचित्र, स्मरण र अतीत स्मरणबीचको अन्तरक्रियाका विषयमा चर्चा गरिएको छ । कुकले चलचित्रले विगतका सांस्कृतिक मान्यतालाई केकसरी पर्दामा प्रतिबिम्बित गर्दछ र आकार दिन्छ भन्ने कुरालाई व्याख्या गरेका छन् । विभिन्न चलचित्रको विश्लेषणको माध्यमबाट उनले कथाकथन, सौन्दर्यछनोट र दर्शकको स्वागतलाई अतीतस्मरणले प्रभाव पार्छ भन्ने कुरा व्यक्त गरेका छन् (कुक, सन् २००५, पृ. ५२) । यस ग्रन्थबाट चलचित्रको प्रविधि, कथा भन्ने पद्धति र सिनेमाको प्रभावकारिताका विषयमा प्रकाश पारिएको छ ।

**चलचित्र र साहित्यको सम्बन्ध**

सिनेमा र साहित्यबीचको सम्बन्ध पारस्परिक छ । दुवैका केही साझा विशेषता पनि देखिन्छन् जस्तैः दर्शकपाठकमा पार्ने प्रभाव, विषयको अनुकूलन र साझा प्रविधिको अनुसरण । दुवैमा कथा सुनाउने लक्ष्य राखिएका हुन्छन् । एउटा लिखित शब्दमार्फत र अर्को दृश्य र श्रवण तत्वमार्फत भावनाको सम्प्रेषण गर्ने यी दुई विधाका बीचमा रहेका सम्बन्ध र भिन्नता यस्ता देखिन्छन् :

- ❖ चलचित्र र साहित्यका अन्यविधामा अधिकांश समानताहरू पाइन्छन् । यी दुईमा माध्यममात्र फरक देखिन्छ । साहित्यभित्रका कथा लिखित माध्यमबाट शब्दका सहायताले अभिव्यक्त गरिन्छन् भने सिनेमाको प्रस्तुति चित्र, आवाज र दृश्यबाट गरिन्छन् । यिनीहरूको अन्तिम लक्ष्य विचार र भावनाको प्रकटीकरण वा सम्प्रेषण हुनेगर्छ ।
- ❖ साहित्यले पाठकमा कल्पना र आन्तरिक परिवेशको चित्रणमार्फत भावनाको प्रकटीकरण गर्दछ भने सिनेमामा दृश्य र अडियोमार्फत दर्शकमा बहु-संवेदी (एकै दृश्यमा पृथक् भावनाको सम्प्रेषण) भावना सम्प्रेषण गरिन्छ ।
- ❖ साहित्यमा वर्णन र विवरण प्रस्तुत गर्दै विविध संवाद-आत्मालापको प्रयोग गरेर कथालाई अगाडि बढाइन्छ । सिनेमामा दृश्यात्मक कथाकथन, छायाङ्कन, ध्वनिसंयोजन र सम्पादनका सहायताले कथा भनिन्छ ।

- ❖ साहित्यलेखन सापेक्षित रूपमा अनियन्त्रित र बहुसमयापेक्षी हुन्छ भने सिनेमामा चलचित्रको लम्बाइ र आकार पूर्वनिर्धारित समय र गतिमा नियन्त्रण गरिएको हुन्छ ।
- ❖ साहित्यमा पाठकको मानसिकतामा छाप सिर्जना गर्न वर्णनात्मक भाषाको सहारा लिइन्छ जुन अमूर्त हुनेगर्छ । सिनेमामा मूर्त र ठोस दृश्य देखाइन्छ जहाँ काल्पनिकता कम हुनेगर्छ ।
- ❖ साहित्यमा पात्रको चरित्र विकास प्रायः वर्णन र आत्मालापबाट गरिन्छ भने सिनेमामा एक्सन, संवाद र दृश्य मार्फत गरिन्छ ।
- ❖ साहित्यमा पाठक सक्रिय र उसको बुझाइ अनि ग्रहणशीलता चाहिन्छ भने सिनेमामा दर्शकहरूलाई प्रत्यक्ष र दृश्यात्मक रूपमा कथा प्रस्तुत गरिने भएकाले उनीहरूको चरित्रविकासको पूर्णता दृश्यमा देखिन्छ ।
- ❖ साहित्यको रचनाविधान वा उत्पादनप्रक्रिया लेखक, सम्पादक र प्रकाशको संयोजनमा हुनेगर्छ जुन कम प्राविधिक हुन्छ । सिनेमामा निर्देशक, अभिनेता, पटकथाकार, निर्मातासहितको ठूलो समूह प्राविधिक कुरामा जोडिएका हुन्छन् ।
- ❖ हिजोदेखि नै साहित्यिक कृतिलाई चलचित्र निर्माणमा सहयोग पुऱ्याउँदै आएको छ ।

सिनेमा र साहित्यबीचको सम्बन्ध एक गतिशील र सहजीवी प्रकृतिको देखिन्छ । साहित्य भावनात्मक हुँदाहुँदै पनि दृश्यात्मक हुन्छ चलचित्र दृश्यभित्र पनि भावनात्मकता हुन्छ । प्रविधिको विकास र पाठकदर्शकको अपेक्षाअनुसार चलचित्रले बेग्लै विधाको पहिचान बनाउँदै गएको देखिन्छ ।

**नेपाली चलचित्रको विकासप्रक्रिया**

विश्वजगत्मा चलचित्रको सुरुआत भएको आधा शताब्दीपछि नेपाली चलचित्रको प्रथम प्रदर्शन त्यति पुष्टियुक्त नभए पनि वि.स.१९९० भाद्र १७ का दिन जुद्धशमशेरको प्रधानमन्त्रित्वकालमा सिंहदरबारमा हिन्दी र अङ्ग्रेजी गरी चारवटा चलचित्र त्यहाँको नाचघरमा प्रदर्शन गरिएको थियो (*चलचित्र मञ्च,* २०७६) । निर्माणको इतिहास खोतल्नुपर्दा वि.स.२००७ सालमा कलकत्तामा भारतीय प्राविधिज्ञहरूसित मिलेर 'राजा सत्य हरिश्चन्द्र' पहिलो नेपाली चलचित्र निर्माण भयो । जसमा निर्देशन डी. वी. परियारले गरेका थिए । यस चलचित्रले अपेक्षाकृत सफलता हासिल गर्न सकेको पाइँदैन । पहिलो चलचित्र बनेको डेढ दशकसम्म चलचित्र क्षेत्रमा शिथिलता आयो । वि.स.२०२२ सालमा हिरासिंह खत्रीको निर्देशनमा 'आमा' चलचित्र बन्यो, जसको निर्माण श्री ५ को सरकार प्रचार प्रसार मन्त्रालयले गरेको थियो । नेपाली पृष्ठभूमिमा र नेपालमा बनेको 'आमा' चलचित्र नेपालको पहिलो कथानक चलचित्र मात्र नभएर सिङ्गो नेपाली चलचित्रको आमा थियो । यसपछि हिरासिंह खत्रीकै निर्देशनमा २०२३ सालमा 'हिजो आज भोली' र २०२७ मा 'परिवर्तन' चलचित्र निर्माण भए (पौड्याल, २०६५, पृ. २७) । फलतः नेपाली चलचित्रको इतिहास सात दशक जतिको छ । यो समयक्रम लामो होइन । यसलाई चरणबद्ध रूपमा यसप्रकार उल्लेख गर्न सकिन्छ ।

**(क) पहिलो चरण** (२००७ - २०२८)

- ❖ नेपाली चलचित्रको इतिहास वि.सं. २००७ सालमा कलकत्तामा 'राजा सत्य हरिश्चन्द्र' नामक नेपाली भाषाको चलचित्र निर्माणपछि प्रारम्भ भएको हो, जसलाई डी.बी. परियारले निर्देशन गरेका थिए ।
- ❖ यस चलचित्रको निर्माण श्री ५ को सरकार शाही नेपाल चलचित्र संस्थाले गरेको थियो र यो वि.सं. २०२२ देखि २०३० सालसम्म उत्कृष्ट चलचित्रको रूपमा पुरस्कृत गरिएको थियो ।
- ❖ वि.सं. २०१८ सालमा भारतका हीरासिंहलाई राजा वीरेन्द्रले नेपालमा झिकाई वृत्तचित्र बनाउन लगाएका थिए । काठमाडौँ स्थित अमेरिकाली सूचना सेवा केन्द्रले वि.सं. २०१३ सालमा निर्माण गरेको 'हिमालयन् अवकेनिङ' नामक वृत्तचित्रलाई महत्वपूर्ण मानिएको छ ।
- ❖ हीरासिंहको निर्देशनमा वि.सं. २०२२ असोज १५ गते 'आमा' चलचित्र निर्माणसम्पन्न गरी प्रदर्शन गरियो, जसमा प्रमुख कलाकारहरू शिव शंकर, भुवन थापा आदि थिए ।
- ❖ हीरासिंहकै निर्देशनमा वि.सं. २०२४ फागुन २ गते 'हिजो, आज र भोलि' चलचित्र निर्माणसम्पन्न गरी प्रदर्शन गरियो, जसमा मित्रलाल, भुवन थापा, हीरासिंह, श्रीधर खनाल र गुप्त सेन आदि कलाकारले काम गरेका थिए ।
- ❖ हीरासिंहको निर्देशनमा वि.सं. २०२७ सालमा 'परिवर्तन' चलचित्र निर्माण सम्पन्न गरियो, जसमा यज्ञनाथ घिमिरे, मित्रलाल, सुषमा शाह, रीता थापा, शीला गुरुङ र हीरा सिंह प्रमुख पात्रका रूपमा थिए ।

देहरादुनबाट बी.एस. थापाको निर्देशनमा 'माइती घर' (२०२३) प्रदर्शन भयो, जुन निजी लगानीमा निर्माण भएको पहिलो नेपाली चलचित्र हो । यसै समयमा हीरासिंहद्वारा निर्देशन गरिएको 'प्रेरणा' (२०२७) नामक वृत्तचित्र पनि महत्वपूर्ण थियो (शर्मा, २०३८, पृ. २११) । यसरी प्रारम्भिक अवस्थामा नेपाली चलचित्रले विदेशीदेखि स्वदेशी भूमिको यात्रा गर्योभ ।

**(ख) दोस्रो चरणः** (२०२९-२०३८)

- ❖ शाही नेपाल चलचित्र संस्थानको स्थापना भएसँगै नेपाली चलचित्रको दोस्रो चरण सुरु भएको हो, जसले चलचित्र उद्योगलाई संस्थागत रूप प्रदान गर्न, रीतिथिति तथा संस्कृतिको बचावट गर्न, अनुपयुक्त विदेशी चलचित्रहरूको प्रभाव हटाउन र सिर्जनात्मक जनचेतनाको प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।
- ❖ यस चरणमा वि.सं. २०३० मा यादव खरेलको 'मनको बाँध' प्रदर्शन भएको थियो, जहाँ लेखक, सङ्गीतकार, संवाद, लेखक, छायाङ्कनकर्ता, सम्पादक र प्रमुख कलाकारहरूको विस्तृत विवरण उल्लेख गरिएको थियो ।
- ❖ यस चरणमा अर्को महत्वपूर्ण चलचित्र 'कुमारी' वि.सं. २०३४ सालमा प्रेम बस्न्यातको निर्देशनमा प्रदर्शन भएको थियो, जसमा कथाकार, गीतकार, सङ्गीतकार र प्रमुख

कलाकारहरूको उल्लेख छ । यस चलचित्रलाई उत्कृष्ट चलचित्रको अवार्ड प्रदान गरिएको थियो ।

- ❖ यस चरणमा वि.सं. २०३६ मा दोस्रो नेपाली संगीत चलचित्र 'सिन्दुर' प्रदर्शन भएको थियो, जसमा कथाकार, संवाद लेखक, सङ्गीतकार, छायाङ्कनकर्ता, सम्पादक र प्रमुख कलाकारहरूको विस्तृत विवरण दिइएको थियो ।
- ❖ यसै गरी गुरुप्रसाद मैनालीद्वारा लिखित परालको आगो कथामा आधारित 'परालको आगो' चलचित्र यसै चरणमा दार्जिलिङमा निर्माण भयो । यसका निर्देशन प्रताप सुब्बा रहेका थिए । वि.सं. २०३४ मा निर्माण भएको यो चलचित्र नेपाली साहित्यिक कृतिमाथि चलचित्र निर्माण गर्ने परम्पराको सुरुआत गरेको हो ।
- ❖ यो चरणमा गोपालजी नेपाली, जगन्नाथ तिमिल्सिना र बैकुण्ठमान मास्केको निर्देशनमा विभिन्न वृत्तचित्रहरू निर्माण गरिएका थिए जसमा औद्योगिक विकास, ऐतिहासिक चाडपर्व, भक्तपुरको परिचय, ट्रान्स्पोर्टेसन नेपाल, बाँच र बाँच्न देऊ आदि उल्लेख गर्न सकिन्छ ।
- ❖ यस चरणमा 'कुमारी' चलचित्रलाई वि.सं. २०३१-२०४० सम्मको उत्कृष्ट चलचित्रको अवार्ड प्रदान गरिएको थियो, जसले यस चलचित्रको महत्त्वलाई थप बढाएको देखिन्छ ।

(ग) **तेस्रो चरण** (२०३९-२०४६)

- ❖ यस चरणमा (२०३९) मा चलचित्रको विषयवस्तु, गायन र सङ्गीतमा नयाँ प्रवृत्ति देखापर्‍यो ।
- ❖ निजी लगानीमा पनि चलचित्र निर्माणको प्रचलन सुरु भयो, उदितनारायण झा र रत्नशमशेर थापाजस्ता नयाँ कलाकारको रूपमा चलचित्रमा प्रवेश भयो ।
- ❖ वि.सं. २०३९ देखि २०४६ सम्म जुनी, आदर्श नारी, वासुदेव, बदलिँदो आकाश, विश्वास आदि चलचित्र निर्माण भए ।
- ❖ अघिल्लो चरणजस्तै शाही नेपाल चलचित्र संस्थाले बदलिँदो आकाश, के घर के डेराजस्ता चलचित्र निर्माणमा सहयोग गर्‍यो तर व्यावसायिक रूपमा सफल भएनन् ।
- ❖ लक्ष्मीनाथ शर्मा र चेतन कार्कीले बदलिँदो आकाश र विश्वासजस्ता चलचित्रमा निर्देशन गरे ।
- ❖ नेपाली चलचित्र सिक्किम, दार्जिलिङ, मुम्बईलगायतका ठाउँबाट पनि चलचित्र निर्माणमा वृद्धि भयो । जस्तैः अर्को जन्म, कुसुमे रुमाल, मसाल, साइनो, लाहुरे आदि ।
- ❖ यस चरणमा चलचित्र निर्माणको क्रम बढेको भए पनि गुणस्तरमा खासै सुधार देखिएन, निजी लगानी र नयाँ कलाकारहरूको प्रवेशले महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍योत ।

(घ) **चौँथो चरण** (२०४६-२०६१)

- ❖ यस चरणमा 'माया' (२०४६), 'युगदेखि युगसम्म' (२०४६), 'तृष्णा' (२०४७), 'प्रेमपिण्ड', 'वासुदेव', 'दक्षिणा', 'सीमारेखा', 'राजमति', 'बलिदान', 'नुमाफुङ' आदि चलचित्र निर्माण भए ।
- ❖ नीर शाहको निर्देशनमा तयार पारिएको 'प्रेमपिण्ड' र 'वासुदेव' चलचित्रलाई वि.सं. २०४१ देखि २०५० सम्मको उत्कृष्ट चलचित्र अवार्ड समेत प्रदान गरियो ।

- ❖ यस चरणमा विभिन्न जातजातिका, भाषाभाषिका, संस्कृतिका, भूगोलका चलचित्रहरूको निर्माणको सम्भावना विकास भयो ।
- ❖ यस कालमा नेपाली मौलिकता बोकेका चलचित्र निर्माणको क्रमसमेत सुरु भई टेलिभिजनबाट विभिन्न टेलिचलचित्र पनि निर्माण गर्न थालियो ।
- ❖ वि.सं. २०५७ आषाढ १६ गते चलचित्र विकास बोर्डको स्थापना भयो । बोर्डको स्थापनापछि अब चलचित्र क्षेत्रको नीति, योजना तर्जुमा गर्न सहज भएको छ (चलचित्र मञ्च वार्षिक पत्रिका, २०७६, पृ. १६५) ।

**(ङ) पाँचौं चरण (२०६२ पछि)**

- ❖ यस चरणमा देखा परेका केही चलचित्रहरू क्रमशः 'बन्दकी', 'परे नि मायाँ जालैमा', 'पाहुना', 'जीवन रेखा', 'हामी तीन भाइ', 'डर', 'किस्मत', 'लालसलाम', 'पर्खिबसेँ', 'दाइको ससुराली', 'घातक', 'जनयुद्ध', 'मर्यादा', 'कहाँ भेटिएला', 'जीवनमृत्यु', 'सिलसिला', 'मैना', 'सानो संसार', 'मिस्टर मंगले', 'सुन्दर मेरो नाम', 'मौसम-मायाको याम', 'मेरो एउटा साथी छ', 'हिफाजत', 'छोडि गए पाप लाग्छ', 'हाँसिदेऊ एक फेर', 'इकु द जङ्गल म्यान', 'दासढुङ्गा', 'मैना', 'दसगजा', 'बाटो मुनिको फूल', 'कसले चोर्‍यो यो मन', 'लुट', 'अन्दाज', 'पल', 'मसाल', 'नोटबुक', 'मेरो कथा', 'फेसबुक', 'रिदम', 'सुम्निमा', 'धन्दा', 'कर्कश', 'शिरिषको फूल', 'साँघुरो', 'झोला', 'कुसुम', 'नाई नभन्नु ल १-२-३-४', 'कबड्डी', 'पशुपति प्रसाद', 'जात्रा', 'निभ्न लागेको दियो', 'सेतो सूर्य', 'छक्का पञ्जा', 'साँइली', 'समर लभ', 'गोपी', 'बुलबुल', 'प्रसाद', 'भोर', 'छ माया छपक्कै', 'जात्रै जात्रा', 'आमा', 'जीवन काँडा कि फूल', 'रातो टीका निधारमा', 'सुनपानी', 'बाह्र नेपाली एक चिहान', 'नालापानी' आदि ।
- ❖ यसै चरणमा आदिवासी जनजातिका चलचित्र बनाउने क्रम पनि निकै तिब्र रहेको छ । जस्तैः यी कैसिन नाता (थारु भाषा), पटाचारा (नेपाल भाषा), गोदवा (तामाङ्ग भाषा), च्याङ्ग श्युमी (तामाङ्ग भाषा), बाला मयजु (नेपाल भाषा), डगर (थारु भाषा), टिन्छे फाम (शेर्पा भाषा) आदि ।
- ❖ आज पनि नेपाली चलचित्र निर्माणमा विशेष चासो बढिरहेको छ । बुलबुल, प्रेमगञ्ज, उमा, प्रेमगीत ३, कबड्डी ४, महापुरुष, चिसो मान्छे, प्रकाश, चिसो एष्ट्रे, ए मेरो हजुर ४, बाघको बङ्गरा, नीरफूल, भष्मे डन, जारी, दिमाग खराब, नाङ्गो गाउँ, रातो सुटकेस, बोक्सीको घर, मनसरा, फर्की फर्की, दयारानी, जारी, घरज्वाइँ, पूजार सार्की, गाउँ आएको बाटो, बाटो जस्ता चलचित्रले थप आशा जगाएको छ ।

**बेग्लै विधाका रूपमा चलचित्र**

- ❖ चलचित्र यौगिक (कम्पाउन्ड) विधा भएकाले साहित्यका अधिकांश अन्य विधाका स्वाद एकै ठाउँमा त्यो पनि छोटो समयको लगानी र प्याकेजमा पाइने भएकाले चलचित्र साहित्यको एउटा विधा मात्रै नभएर छुट्टै विधा हो ।

- बहुरसताका कारण पनि चलचित्रमा हास्य, रोदन, करुणा आदिलाई एकै स्थानमा पाइने भएकाले यसले फरक र छुट्टै विधाको स्वरूप ग्रहण गर्दै गइरहेको छ ।
- सिनेमासँग मनोरञ्जनमात्र होइन आर्थिक क्षेत्र पनि जोडिएकाले यसलाई कलालाई बजारीकरण गर्ने छुट्टै विधाको रूपमा लिइन्छ ।
- सिनेमा, प्रायः सातौं कलाको रूपमा मनाइन्छ, साहित्यको एक विशिष्ट र प्रभावशाली विधा बन्न विकसित भएको छ । जबकि परम्परागत रूपमा, साहित्यलाई लिखित शब्दहरू - कविता, उपन्यास र नाटकहरूको क्षेत्रको रूपमा लिइन्छ - सिनेमाले यी कथाहरूलाई दृश्य र श्रवण अनुभवमा अनुवाद गर्दछ, इमेजरी, ध्वनि र संवादको अद्वितीय अन्तक्रियामार्फत दर्शकहरूलाई संलग्न गराउँछ ।
- साहित्यका अन्य विधामा भन्दा चलचित्रको कथाकथनको मौलिक शैलीका कारण यो बेग्लै विधाका रूपमा विकसित हुँदै गएको छ । चलचित्रलाई पृथक् देखिने मूल कारक भनेको छुट्टै कथात्मक प्रविधिहरू प्रयोग हो । परम्परागत विधा भन्दा भिन्न सिनेमाले दृश्यात्मक कथा भन्ने गर्दछ । क्यामेराको कोण, प्रकाश, रङ, मुड,आदिको प्रयोगले सिनेमालाई अलगै विधाको रूपमा बुझ्न सकिन्छ । चलचित्रमा क्लोज-अप शटहरूको प्रयोगले वर्णनात्मक गद्यभन्दा चरित्रको भावनात्मक अवस्थालाई सहजै चित्रण गर्न सक्छ । फलतः चलचित्र छुट्टै विधाका रूपमा विकास भएको देखिन्छ ।
- सिनेमामा ध्वनि, संवाद, सङ्गीत र ध्वनि प्रभावहरू समावेश गर्दै साहित्यमा अभाव भएको आयामलाई थप गर्दछ । चलचित्रमा प्रयोग हुने दृश्यात्मक रणनीति, सबटेक्स्टको प्रयोग आदिले दर्शकमा विशिष्ट प्रकृतिका भावनाहरू जगाउन सफल हुन्छ । फलतः यसलाई छुट्टै विधाका रूपमा प्रयोग गरिन्छ ।
- चलचित्रको ऐतिहासिक र सांस्कृतिक प्रभावका कारण पनि छुट्टै विधाका रूपमा हेर्न सकिन्छ । परम्परागत साहित्य विधाको तुलनामा अपेक्षाकृत कलाको युवा रूपमा चलचित्र हेर्न सकिन्छ । चलचित्र आजको समयमा एक सांस्कृतिक शक्ति बनेको छ । १९ औं शताब्दीको उत्तरार्धदेखि मौन फिल्महरू, हलिउडको स्वर्ण युग, स्वतन्त्र सिनेमाको उदय र डिजिटल फिल्मनिर्माणको आगमनलाई मूल्याङ्कन गर्दा यसलाई अब साहित्य विधाको उपशाखाको रूपमा होइन समयको सांस्कृतिक र सामाजिक परिवेशलाई प्रतिबिम्बित गर्ने एउटा पृथक् विधाका रूपमा यसलाई हेर्न सकिन्छ ।
- समाजलाई बिउँझाउने मात्र होइन सिनेमाले सामाजिक मूल्य र मान्यतालाई आकार दिन सक्रिय भूमिका निर्वाह गर्दछ । चलचित्रसँग जनतालाई प्रभाव पार्ने, सामाजिक आन्दोलनहरूलाई प्रेरित गर्ने र स्थापित मान्यतालाई चुनौती दिने शक्ति विद्यमान रहन्छ । फलतः आजको समयमा यो बेग्लै विधा हो ।
- सिनेमामा विविध जाति, लिङ्ग, कामुकता वा वर्गका आधारमा सामाजिक मनोवृत्तिमा महत्वपूर्ण प्रभाव पार्न सक्ने शक्ति हुन्छ । समकालीन सिनेमामा दबिएका विविध आवाजहरूको दृश्यता,

समावेशीता र समानुभूति प्रवर्द्धन गर्ने सामर्थ्य हुने भएकाले यो छुट्टै विधाको रूपमा देखिएको छ ।

**नेपाली सन्दर्भ**

नेपाली समाजमा चलचित्र एक अभिन्न अङ्ग बन्दैआएको छ । यसका धेरै कारणहरू मध्ये एक सांस्कृतिक प्रभाव हो । नेपाली सिनेमाले देशका विविध संस्कृति, परम्परा र भाषाहरूलाई प्रतिबिम्बित गरिरहेको छ जसले आम दर्शकलाई थप निकट बनाएको छ । प्रविधिको चरम विकासले गर्दा अधिकांश नेपाली जनताको हातहातमा स्मार्ट फोन रहेकाले विद्युतीय सामाग्रीको दृश्यात्मक मजा लिनमा आम नागरिक अभ्यस्त बन्दैगएका छन् । संसारभरका नागरिक जस्तै आजका नेपाली मान्छेको दैनिकी जटिल बन्दैगएको छ । त्यो जटिलतालाई चिर्न र अतिरिक्त अपेक्षाका कारण निराश बन्दै गएको नागरिकलाई त्राण दिन चलचित्रले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । चलचित्र मनोरञ्जन, ज्ञान र तनावबाट विश्राम एकैपटक प्रदान गर्ने भएकाले यसको सामाजिक भूमिका झन् बढेर गएको देखिन्छ । नेपाली समाज बहुलवादी रहेको सन्दर्भमा विविध सामाजिक मुद्दालाई चलचित्रले उठान गरिदिने भएकाले यस विधाको प्रभावकारिता निरन्तर बिस्तार भएको छ । आजको समाज मञ्चको अपेक्षा गर्ने संस्कारबाट गुज्रिएको छ फलतः चलचित्रलाई यस्तो विशेष स्थानका रूपमा बुझ्ने युवापुस्ताको आगमनले यो क्षेत्र छन बलियो बन्दैआएको छ । चलचित्र आजको समयमा आर्थिक उपार्जनको बलियो माध्यममात्र होइन प्राविधिक विकासको चमत्कार हेर्ने युग पनि हो । फलतः विश्वव्यापी पहुँच बिस्तार गर्न चलचित्रलाई बलियो साधनका रूपमा हेरिन्छ । अतः नेपाली समाजमा चलचित्रको उत्तरदायित्वमात्र बढेको छैन बरु सामाजिक तथा सांस्कृतिक पहिचानको अभिन्न अङ्ग बन्दैआएको छ ।

**निष्कर्ष**

वर्तमान समयमा चलचित्रको अध्ययन एक महत्वपूर्ण क्षेत्र हो । चलचित्र कला अभिव्यक्तिको आधुनिक माध्यम पनि हो जसमा श्रव्य-दृश्य भाषाको प्रयोग गरिन्छ । चलचित्रको साहित्यसँग नजिकको सम्बन्ध रहन्छ । साहित्यले पाठकमा कल्पना र भावना जागृत गराउँछ भने चलचित्रले दृश्य र अडियोमार्फत भावना सम्प्रेषण गर्छ । चलचित्रको उद्देश्य विचार र भावनाको सम्प्रेषण हो । सन् १८९५ मा फ्रान्समा लुई लुमाएर र अगस्त्य लुमाएरले ध्वनिरहित लघुचलचित्रहरू प्रदर्शन गरेपछि चलचित्र उद्योगको सुरुआत भयो । नेपाली चलचित्र उद्योगको सुरुआत १९९० सालमा सिंहदरबारमा चलचित्र प्रदर्शनसँगै भयो । नेपाली चलचित्रको पहिलो चरण सन् २००७ देखि २०२८ सम्म थियो, जहाँ 'राजा सत्य हरिश्चन्द्र' पहिलो चलचित्र बनेको थियो । नेपाली चलचित्रको दोस्रो चरण २०२९ देखि २०३८ सम्म थियो, जसमा शाही नेपाल चलचित्र संस्थानको स्थापना भयो । यस चरणमा 'मनको बाँध' र 'कुमारी' जस्ता महत्वपूर्ण चलचित्र बने । तेस्रो चरण २०३९ देखि २०४६ सम्ममा नयाँ प्रवृत्तिहरू देखा परे, जसमा 'कुसुमे रुमाल' र 'लाहुरे' जस्ता चलचित्रहरू निर्माण भए । चौथो चरण २०४६ देखि २०६१ सम्म थियो, जसमा 'प्रेमपिण्ड' र 'वासुदेव' जस्ता चलचित्रहरू निर्माण भए । पाँचौं चरण २०६२ पछि सुरु भयो जसमा 'लुट', 'कबड्डी', 'छक्का पञ्जा'

जस्ता चलचित्रहरू निर्माण भए । चलचित्र छुट्टै विधा हो । यसको यौगिक स्वरूपका कारण यसले विभिन्न विधाका स्वादलाई एकै ठाउँमा समाहित गर्छ । चलचित्र मनोरञ्जनमात्र होइन आर्थिक क्षेत्रसँग पनि जोडिएको छ । चलचित्रलाई छुट्टै कलाको रूपमा मानिन्छ जसले परम्परागत साहित्यलाई दृश्य र श्रवण अनुभवमा अनुवाद गर्छ । सिनेमाले दर्शकलाई दृश्यात्मक कथनमार्फत संलग्न गराउँछ । क्यामेराको कोण, प्रकाश, रङ, र मुडको प्रयोगले सिनेमालाई छुट्टै विधाका रूपमा चिनाउँछ । सिनेमामा ध्वनि, संवाद, सङ्गीत र ध्वनि प्रभावहरू समावेश गरेर साहित्यमा अभाव भएको आयामलाई थपिन्छ । चलचित्रको ऐतिहासिक र सांस्कृतिक प्रभावका कारण पनि यसलाई बेग्लै विधाका रूपमा हेर्न सकिएको हो । चलचित्रले सामाजिक मूल्य र मान्यतालाई आकार दिन सक्रिय भूमिका निर्वाह गर्छ । समकालीन सिनेमामा दबिएका विविध आवाजहरूको दृश्य र समावेशिता बढ्दै गएकाले चलचित्र छुट्टै विधाको रूपमा विकसित भएको देखिन्छ । वर्तमान समयमा चलचित्रले छुट्टै सशक्त विधाको रूपमा मान्यता पाउँदै गएको छ । चलचित्रले साहित्यसँग निकटको साइनो जोड्दै आफूलाई पृथक् शक्तिशाली विधाको रूपमा विकसित गराउँदै आएको छ । नेपाली चलचित्रको विकासले गति लिएर समृद्धिको मार्ग पक्रिँदै छ ।

## सन्दर्भ सामग्रीसूची

चलचित्र विकास बोर्ड, (२०७६), *चलचित्र मञ्च वर्षिक पत्रिका,* काठमाडौँ ।

ढुङ्गाना, सीतादेवी, (२०७८), तीनघुम्ती चलचित्रमा निर्माण प्रविधि, अप्रकाशित दर्शनाचार्य शोधपत्र त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर ।

ढुङ्गेल, माधवप्रसाद, (२०६०), *प्रेमपिण्डको चलचित्रात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर ।

तिवारी, तेजु, (२०८०), *सेतो बाघ उपन्यासको चलचित्राङ्कन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर ।

पौड्याल, भावना, (२०६५), *नेपाली साहित्यिक कृतिको चलचित्राङ्कन परम्परा,* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर ।

प्रियदर्शन, (सन् २०१५), *नये दौर का नया सिनेमा,* पटना ।

शर्मा, लक्ष्मीनाथ, (२०३८), *चलचित्र कला,* काठमाडौँ : साझा प्रकाशन ।

सायमी, प्रकाश, (२०७५), *चलचित्र कला र प्रविधि,* काठमाडौँ : शब्दहार क्रियेसन ।

सुवेदी, राजेन्द्र (२०६९), *चलचित्र सिद्धान्त र नेपाली चलचित्र,* काठमाडौँ : पाठ्यसामग्री पसल ।

Altman, R. (1999). *Film/Genre*. British Film Institute.

Cook, P. (2005). *Screening the past: Memory and nostalgia in cinema*. Routledge.

Neale, S. (2000). *Genre and Hollywood*. Routledge.